त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering

# चितवन इन्जिनियरिङ्ग क्याम्पस
# CHITWAN ENGINEERING CAMPUS

पत्र संख्या : २१/०८०/०८१
Ref. No.:

मिति: २०८०/०९/१३

## सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा मिति २०८० सालमा सञ्चालित बी.ई./बी. आर्क. तहको प्रवेश परीक्षामा उत्तिर्ण भई यस चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुरमा भर्नाको लागि आवेदन दिने आवेदकहरु मध्येवाट प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा भर्नाको लागि पाँचौ सूची मिति २०८०/०९/१३ गते विहान १० बजे प्रकाशन गरिएको र मिति २०८०/०९/१३ गते विहान ११:०० बजेदेखि दिउँसो २:०० बजे सम्म दावी विरोधको लागि समयावधी तोकिएकोमा प्रकाशित नामावली उपर कुनै पनि दावी विरोध नआएकोले पूर्व प्रकाशित सूचीलाई नै यथावत रुपमा कायम गरिएको व्यहोरा सम्वन्धित सबैमा सूचित गरिन्छ।

आर्किटेक्चर कार्यक्रममा भर्नाको लागि आवेदन फारम भरेका आवेदकहरु मध्ये इ.अ.सं. का आंगिक क्याम्पसहरुमा सञ्चालित झुकाव परीक्षामा उत्तिर्ण भएका आवेदकहरु मात्र सो कार्यक्रमको भर्ना सूचीमा योग्य हुने भएकोले सोहि अनुरुप सूची प्रकाशन गरिएको समेत जानकारी गराइन्छ।

भर्नाका लागि तपसिलको वैंक र खातावालाको नाममा भर्नाको रकम दाखिला गरी वैंक भौचरको सक्कल प्रति लिई क्याम्पस परीक्षा शाखामा उपस्थित हुनु पर्नेछ।

- **वैंकको नाम : नेपाल बैंक लिमिटेड, रामपुर शाखा, चितवन**
- **बैंक खाता नं. : ०८५००१०६७२३२८००००००४**
- **खातावालाको नाम : चितवन इन्जिनियरिङ्ग क्याम्पस**

**पाँचौ सूचीबाट विद्यार्थी भर्ना गर्ने तालिका :**

| सि. नं. | कार्यक्रम | भर्ना हुने मिति | समय |
|---|---|---|---|
| १. | आर्किटेक्चर | २०८० पौष १६ र १७ गते | विहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म |

शिवराज मरङ्ग
संयोजक
भर्ना समिति–२०८०

वोधार्थ :

१. श्रीमान् संयोजक ज्यू, इ.अ.सं. एकिकृत भर्ना अनुगमन समिति।
२. श्रीमान् क्याम्पस प्रमुख ज्यू, चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर।

## भर्ना हुन आउँदा दाखिला गर्नुपर्ने शुल्क र अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :

भर्ना हुन आउँदा अनिवार्य रुपमा निम्नानुसारको शुल्क तल उल्लेखित बैंकमा दाखिला गरी भौचरको सक्कल प्रति लिई आउनुपर्नेछ ।

| सि.नं. | कार्यक्रम | नियमित | पूर्णशुल्किय |
|---|---|---|---|
| १. | आर्किटेक्चर | १७,०७०।– | १,८६,४००।– |

- भर्नाका लागि तपशीलको बैंक र खातावालाको नाममा भर्नाको रकम दाखिला गर्नुपर्नेछ ।
  - बैंकको नाम : नेपाल बैंक लिमिटेड, रामपुर शाखा, चितवन
  - बैंक खाता नं. : ०८५००१०६७२३२८००००००४
  - खातावालाको नाम : चितवन इन्जिनियरिङ क्याम्पस
  - रामपुर शाखा

भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरु :

| सि.नं. | भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरु | प्रति |
|---|---|---|
| १ | हालसालै खिचेको फोटो (सादा पृष्ठ भएको दुवै कान देखिने) | २ प्रति |
| २. | Score Card को सक्कल र प्रमाणित प्रतिलिपी | २ प्रति |
| ३. | Citizenship नागरिकताको प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| ४. | SLC वा सो सरहको Marksheet को प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| ५. | SLC वा सो सरहको Character Certificate प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| ६. | परिक्षा नियन्त्रण कार्यालयको प्रवेशिका (SLC) परिक्षा प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| ७. | Eng. Diploma / I.Sc. / +2 को Transcript को प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| ८. | Eng. Diploma / I.Sc. / +2 को Character Certificate को प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| ९. | Eng. Diploma / I.Sc. / +2 Migration Certificate को सक्कल र प्रमाणित प्रतिलिपी (नोटरी गराई) | २ प्रति |
| १०. | Eng. Diploma / I.Sc. / +2 Provisional Certificate को प्रमाणीत प्रतिलिपी (नोटरी गराई) | २ प्रति |